परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

❑ वर्ष ९ ❑ अंक ३ २०७७ श्रावण १८ गते आईतवार Sunday 2, AUG, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरौं अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

## महा नगरपालिका पुन : बन्दाबन्दी
# बन्दाबन्दीको पालना र कार्यन्यनमा कडाई

विराटनगर । कोरोना भाइरस (कोभिड-१९) संक्रमण स्थानीय स्तर सम्म फैलिएको भन्दै विराटनगर महानगरपालिका क्षेत्रभित्र पुन : गरिएको 'बन्दाबन्दी' को पालना र कार्यान्वयनका लागि बजार क्षेत्रभित्र सुरक्षा कर्मीहरुलाई कडाईका साथ तैनाथ गरेको छ ।

कोरोना भाइरसको सक्रमण तीव्र रुपमा फैलिएको भन्दै नियन्त्रणका लागि एकमात्र उपाय 'बन्दाबन्दी' कार्यान्वयन र पालना आमनागरिकको लागि कठोर कदम चालिने भएको छ ।

दुई साताका लागि गरिएको 'बन्दाबन्दी' को पहिलो दिन विराटनगर बजार क्षेत्र पुर्णरुपमा सुनशान देखिएको छ । फाटफुट रुपमा मोटर साईकल, पैदल यात्री, चारपाग्रे सवारी साधन समेत चलेको देखियो । पुर्ण बन्दावन्दी भनिएता पनि आनशिक रुपमा मात्र देखियो । बजारको गल्लीका पसलहरु समेत खुलेकै थियो ।



विराटनगर महा नगरपालिका पुन : बन्दाबनदीको घोषण गरेपछि शनिवार देखिएको शुनसान मुख्यबजार

बन्दाबन्दीको अवधिमा घरवाट बाहिर निस्किएर हिँडडुल गर्न, बजार पसल खुल्ला राख्न, सवारी साधन सञ्चालन गर्न, एक-अर्कामा सामूहिक रुपमा भेटघाट गर्न र मास्क नलगाइकन हिँड्न पूर्ण रुपमा रोक लगाइएको भनेता त्यसको असर बजारमा देखिएनन् ।

शनिवार देखि गरिएको बन्दाबन्दी प्रदेश १ को सामाजिक विकास मन्त्रालय, जिल्ला कोरोना क्राइसिस म्यानेजमेन्ट सेन्टर र विराटनगर महानगरपालिकाको समन्वयमा गरिएको छ ।

महानगर पालिका भित्र समुदाय

वांकी अन्तिम पेजमा...

# कोरोना संक्रमणबाट बचन सचेतना आवश्यक

विराटनगर । प्रदेश १ का सामाजिक विकास मन्त्री जीवन घिमिरेले कोरोना संक्रमणबाट बच्नका लागि सचेतना आवश्यक रहेकोमा जोड दिनु भएको छ । कोरोना संक्रमणवाट प्रत्येक व्यक्ति आफै सतर्क हुनु बाहेका कुने विकल्प नरहेको वहांले वताए ।

प्रदेश १ सामाजिक विकास मन्त्रालयले आज विराटनगरमा आयोजना गरेको कोभिड १९ संवन्धि छलफल कार्यक्रममा मन्त्री घिमिरेले सो कुरा बताउनु भएको हो । मन्त्री घिमिरेले प्रदेश १ मा पछिल्लो समय कोरोना संक्रमणको दर बृद्धि भएको बताउनु भयो ।

केही समयदेखि घटेको संक्रमण पछिल्लो एक सातामा बढेर गएको छ । संक्रमण बढेसँगै समाजमा सचेतना आवश्यक रहेकोमा व्यक्ति आँफै सतर्क नभए संक्रमण झन बढेर जाने भएकाले सतर्कता नअपनाउने लाई कानुनको सहरा लिएर भएपनि सर्तकता अपनाउन आम नागरिकलाई लगाउनु पर्नै वहांको भनाई छ ।

सार्वजनिक सेवा बन्द गर्दैमा संक्रमण नियन्त्रणमा नआउने देखिएकाले सेवाग्राहीको रेकर्ड राखेर सेवा प्रवाह गर्नुपर्ने र व्यक्ति आफै सचेत हुने बेला आएको जिल्ला समन्वय समिति मोरंगका प्रमुख नरेश पोखरेललेको भनाई छ ।

त्यसैगरी निजि अस्पताल सञ्चालकहरुको संगठन अफिन का प्रदेश १ संयोजक डा सुनिलचन्द्र अधिकारीले कोरोना संक्रमणबाट जोगिनका लागि अनुशासन आवश्यक रहेकोमा जोड दिदै होम आईसोलेसनमा बस्न सक्नेहरुलाई त्यस्तो सुविधा सरकारले दिनुपर्ने वहांको माग छ ।

अनुशासनमा बस्न नसके संक्रमण नियन्त्रणमा समस्या हुने भन्दै सीमामा सुरक्षा व्यवस्था कडा बनाईएको मोरंगका प्रहरी प्रमुख एसपी सन्तोष खड्काले वताए । कोशी अस्पताल कोभिड १९ उपचार केन्द्रका संयोजक डा. डेनप्रसाद आचार्यले संक्रमण बढेसँगै सरकारले संक्रमितको उपचार गर्न नसक्ने भएकाले व्यक्ति आँफै सचेत हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा सुनसरीको दुहवी नगरपालिकाका प्रमुख वेद गच्छदार, नेकपा मोरंगका नेता रामलाल साह, नेकपा महानगर कमिटी अध्यक्ष सागर थापा, नेपाली काँग्रेस विराटनगर कार्यबहाक सभापति अरुण न्यौपानेले प्रदेश सरकारले कोरोना परीक्षणको दायरा बढाउनुपर्ने सुझाव दिनुभएको

वांकी अन्तिम पेजमा...

# चोरीमा संलग्न चार जना प्रहरीको फन्दामा

सुनसरी । बसमा लुटपाट गर्ने ४ जनाको समुहलाई ईलाका प्रहरी कार्यालय ईटहरीले पक्राउ गरी सार्वजानिक गरेको छ ।

श्रावण ९ गते धरानबाट ईटहरी आईरहेको बसमा सवार रहेका धरान उपमहा नगरपालिका वडा नं. ८ का डम्बर प्रसाद बास्तोलाको साथमा रहेको ९७ हजार ६ सय चोरी गरेको आरोपमा पक्राउ गरिएको थियो ।

पक्राउ पर्नेहरुमा जिल्ला काभ्रेपलाञ्चोक रोसी गाउँपालिका वडा नं. ३ का जित बहादुर ट्वाटी श्रेष्ठ, रोसी गाउँपालिका वडा नं. ५ का चिउनी भनिने युवराज लामा, भुङलो गाउँपालिका वडा नं. ८ का सुजन तामाङ भन्ने सन बहादुर लामा तामाङ र तिमाल गाउँपालिका वडा नं. २ का कमल लामा रहेका छन् ।

सो समुहले ईटहरीको ट्ङग्रा खोला छेउमा बसबाट ओर्लन खोजेका बास्तोलाको साथमा रहेको नगद, जबरजस्ती लुटपाट गरी फरार भएको भनी घटनाको जानकारी पाए लगत्तै तत्काल खटिएको ईलाका प्रहरी कार्यालय ईटहरीको प्रहरी टोलीले फरार भएका मध्ये कमल लामालाई तत्काल पक्राउ गरेको थियो ।

त्यसैगरी ३ जनालाई खोजतलास गर्ने क्रममा तरहराबाट पक्राउ गरी सार्वजनिक गरीएको छ । उनीहरुको साथबाट नगद १२ हजार ९ सय

वांकी अन्तिम पेजमा...

# सिमा शिलबन्दी भएपनि तस्करीमा बृद्धि

विराटनगर । कोरोनाको कारणले नेपाल भारतको सिमानाका शिलवन्दी भएपनि दिन प्रतिदिन तस्करी वढ्दै गई रहेको छ ।

खुल्ला सिमाना भएकोले केही तस्करी लुकीछिपी भई रहेको छ भने केही तस्करी प्रहरीसंगपकै मिलोमतोमा भई रहको छ । तस्कारी बढेसंगै प्रहरीको निगरानीपनि बढेको छ । भारतवाट खास गरी खादमल, गुटखा, लत्ताकपडा, लागुऔषध, लगायतको तस्करीमा वृद्धि भएको छ ।

तस्करीका समानहरु प्रहरीले पक्राउ गरेपछि सिमानाका तस्करी वढ्केो खुल्न आएको छ । मोरङ विराटनगर महानगरपालिका वडा न . ६ बरमपुरा केशलिया रिङरोड स्थितमा जिल्ला सुनसरी देवानगन्ज गाउपालिका वडा नं.६ को अम्रेश मेहताले अवैध रूपमा भन्सार छलि गरी प्लाष्टिकको बोरामा प्याक गरी नेपालतर्फ ल्याउदै गरेको खैनी २ बोरा प्रहरीले बरामद गरेका छ ।

त्यसैगरी मोरङ जहदा गाउपालिका वडा नं. ०३ स्थित लक्ष्मिनिया नजिकै सडक किनारामा अवैध रूपमा भन्सार छलि गरी नेपालतर्फ ल्याउदै गरेको अवस्थामा २० बोरा खैनी वरामद गरको छ । विराटनगर महानगरपालिका वडा नं. १४ जतुवा नहर स्थित सडक किनारामा अवैध रूपमा चोरी पैठारी गरी नेपालतर्फ ल्याउदै गरेको ११ बोरा खादमल वरामद गरिएको छ ।

त्यसैगरी मोरङ जहदा गाउपालिका वडा नं. १ भुटाहा स्थित जिल्ला मोरङ जहदा गाउपालिका वडा नं. १ को राज किशोर साह र नन कुमार शर्माले अवैध रूपमा भन्सार छली भारतबाट नेपाल निजको घर पेटीमा ५० केजी तौल भएको ४३ बोरा खाद मल, चिनी ५० किलोको १ बोरा, सलाई ३ बण्डिल र खाने

वांकी अन्तिम पेजमा...

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277



All types of Fabrication, Furniture, Prefab, Truss are available.
Email Id: chattdev007@gmail.com

## महा...

स्तरमा कोरोना संक्रमण तिब्र रुपमा फैलिन थालेपछि कोरोना संक्रमितको ट्रभल हिस्ट्र र कन्ट्रयाक ट्रेसिङ्ग गर्दा पनि पत्रा नलाग्ने भएपनि नियन्त्रणको लागि बन्दाबन्दी गरिएको छ ।

भुसको आगो सरह कोरोना फैलिएर सबैतिर भय र त्रास छाएपछि 'बन्दाबन्दी' गरी त्यसको पालनाका लागि सबैतिर उचित सुरक्षा सावधानी अपनाएर ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको प्रमुख जिल्ला अधिकारीको भनाई छ ।

कोरोना क्राइसिस म्यानेजमेन्ट सेन्टरको बैठकले मास्क नलगाइकन हिँड्ने र सेनीटाइजरको प्रयोग नगर्नेलाई मोरङमा एक महिनासम्म कैद सजाय गर्ने निर्णय यस अघि नै गरिसकेको छ । संक्रमणलाई नियन्त्रण गर्न स्वास्थ्य, सुरक्षा र यातायातसँग सम्बन्धित मापदण्ड सबैले पालना गर्नु पर्ने भएकाले यसलाई उल्लंघन गर्नेलाई संक्रामक रोग निवारण ऐन २०२० बमोजिम एक महिनासम्म कैद वा एक सय रुपैयाँसम्म जरिवाना गरिने निर्णय कोभिड-१९ उच्चस्तरीय समितिको बैठकबाट प्रजिअको भनाइ छ ।

यस्ता कामलाई बाधा गर्नेलाई छ महिनासम्म कैद वा छ सय रुपैयाँसम्म जरिवाना गरिने जानकारी उहाँले दिनु भयो । नियम उल्लंघन एवं 'लकडाउन'को अवज्ञा गर्नेलाई कानुनअनुसार कारबाही अघि बढाउँदै दण्ड र जरिवाना गरिने उहाँले उल्लेख गर्नु भयो ।

संघिय सरकारले २०७६ चैत ११ देखि २०७७ श्रावन ७ गतेसम्म संघीय सरकारले आह्वान गरेको लकडाउन भन्दा यो पटक आह्वान गरिएको लकडाउन कडा हुने भएको छ । सो बन्दाबन्दी साउन ३० गतेसम्म रहने भएको छ ।

महानगरपालिकामा हालसम्म एक सय भन्दा काढीमा कोरोना संक्रमण देखिइसकेको छ । संघिय लकडाउ श्रावण ७ गते खुलेपछि एक साताको अवधिमा संक्रमित संख्या अध्याधिक वृद्धि भएको छ ।

## कोरोना...

थियो । कार्यक्रममा सामाजिक विकास मन्त्रालयका जनस्वास्थ्य महाशाखा प्रमुख डा। सुरेश मेहताले प्रदेश १ र विराटनगर महानगरपालिका जनस्वास्थ्य महाशाखा प्रमुख रमेश कार्कीले विराटनगरको कोरोना संक्रमणको अवस्थाका बारेमा जानकारी गराउनु भएको थियो ।

## चोरीमा...

बरामद गरेको छ ।

पक्राउ परेकाहरु चोरी गर्नकै लागी काठमाण्डौबाट श्रावण ८ गते पुर्व तर्फ आएको र धरानको एक होटलमा बस्दै आएको प्रारम्भीक अनुसन्धानबाट खुल्न आएको ईलाका प्रहरी कार्यालय ईटहरीले जनाएको छ ।

चोरी तथा लुटपाट घटनाको थप अनुसन्धान भईरहेको तथा सोही घटनामा अन्य दुई जनाको संग्लग्नता रहेको खुल्न आएकोले उनीहरुको समेत खोजतलास भईरहेको उक्त कार्यालयले जनाएको छ ।

## सीमा...

तेल ३० लिटरको २ टिना बरामद गरी आवश्यक कारवाहीको लागि मुल भन्सार कार्यालय रानी विराटनगरमा बुझाएको छ ।

## तास खेली रहेका चार जना पक्राउ

सोलुखुम्बु । सोलुखुम्बुको सोताङ गाउँपालिका वडा नं. ५ गणेश राईको घरमा तास खेलि रहेका ४ जनालाई ठुलो परीणामको नगद सहित पक्राउ गरिएको छ ।

राईको घरमा तास खेलिरहेको भन्ने बिशेष सूचनाका आधारमा ईलाका प्रहरी कार्यालय सोताङबाट खटिएको प्रहरी टोलीले तास खेलिरहेको अवस्थामा सोताङ गाउँपालिका वडा नं. ४ कोदुर्गा प्रसाद राई, सोताङ गाउँपालिका वडा नं. २ को दुर्गा प्रसाद राई, थुलुङ दुधकोशी गाउँपालिका वडा नं. ७ को दिपक राई र फ्रेमराज राईलाई पक्राउ गरेको थियो ।

तासको खालबाट प्रहरीले नगद १४ लाख ६५ हजार र ३४ बर्षीय दुर्गा प्रसाद राईको नाममा रहेको चेकमा दिपक राईको नाम उल्लेख गरी ३ थान चेकमा ८ लाखको दरले र १ थान चेकमा ५ लाख रुपैयाँ लेखी सही गरेको ४ थान चेक सहित २९ लाख समेत बरामद गरेको छ ।

पक्राउ परेका चारै जनाको सम्बन्धमा थप अनुसन्धान भई रहेको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुले जनाएको छ ।



धुम्रपान र मध्यपान आजै देखि त्यागौ र निरोगी रहौ ।

## क्यान्सरको साल्यक्रिया नोबेलमा



बिराटनगर । नोबेलमा टाउको तथा गर्दन सम्बन्धि क्यान्सरको शल्यक्रिया सुरु भएको छ । बिशेषज्ञ शल्य चिकित्सकको व्यवस्था मिलाएर नोबेलले 'हेड एण्ड नेक' सम्बन्धि सम्पूर्ण क्यान्सरको शल्यक्रिया थालेको छ ।

भारतको एम्स दिल्लीबाट टाउको तथा गर्दन क्यान्सरमा एमसीएच गरेका बरिष्ठ सर्जन डा.ऋषिकेष ठाकुरलाई नोबेलले ल्याएको छ । डा.ठाकुर टाउको तथा गर्दन सम्बन्धि क्यान्सरमा एमसीएच गर्ने नेपालकै पहिलो शल्य चिकित्सक हुन् । गुणस्तरीय उपचार सेवाका लागि बिशेषज्ञ चिकित्सक ल्याएर शल्यक्रिया थालिएको नोबेल शिक्षण अस्पतालले जनाएको छ ।

मुख, थाईराईड, स्वासनली, नाकको साईनस, टाउको, र्‍याल ग्रन्थी, कान लगायत टाउको तथा गर्दन सम्बन्धि सबै क्यान्सरको शल्यक्रिया थालिएको डा.ठाकुरले जानकारी दिए । 'नोबेलमा टाउको तथा गर्दन सम्बन्धि सबै किसिमका क्यान्सरको शल्यक्रिया थालेका छौ ।' डा.ठाकुरले भने-'म टाउको तथा गर्दन सम्बन्धि क्यान्सरमा एमसीएच गर्ने नेपालको पहिलो सर्जन पनि भएकाले मुलुककै उत्कृष्ट सेवा दिने हिसावले लागेका छौं ।'

नोबेलले सेवामा स्तरीयता बढाउँनका लागि बिशेषज्ञ चिकित्सक र अत्याधुनिक उपकरण थप्ने क्रमलाई तिब्रता दिएको छ । सेवा थप गर्दै आएको नोबेलले केही महिना अघिबाट स्त्रीजन्य सबै किसिमका क्यान्सरको पनि शल्यक्रिया थालेको छ ।












### अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौं वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल हाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एवं अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ ।

### हाम्रो सेवाहरु :-

- ★ स्त्री रोग तथा प्रसुती सम्वन्धी सम्पूर्ण सेवाहरु
- ★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
- ★ जनरल फिजिसियन सेवा
- ★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
- ★ Minor & Major surgery सेवा
- ★ Laparoscopic surgery (दुरवीन द्धारा अप्रेशन) सेवा
- ★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
- ★ 24 Hours Emergency सेवा
- ★ विशेष डाक्टरहरु द्धारा ओ.पि.डी. सेवा
- ★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
- ★ इनफर्टिलिटी क्लिनिक सेवा
- ★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१


### बेरोजगार सूचीमा नाम दर्ता गर्नेबारे सूचना

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आगामी आ.व. २०७७/७८ मा १०० (एक सय) दिनको न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिले २०७६ चैत्र महिनाभर आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा गई बेरोजगार सूचीमा नाम दर्ता गर्नुहुन सूचीत गरिन्छ ।

नेपाल सरकार
संचार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# बन्दाबन्दीले निम्तियाउने खाद्य्य संकट

विश्वभरी फैलिएको कोरोना भइरस (कोभिड-१९) ले खाद्य्यान संकट ल्याउनेमा दुई मत छैन । त्यो संकट हाम्रो जस्तो गरीब र विकासन्मुख देशमा अझ बढी हुने भएको छ । त्यसको पूर्व तयारी गर्नु नै अहिलेको मुख्य आवश्यकता किन कि कोरोना भाइरसको अहिले सम्म कुनै किसिमको उपभार विधि तयारी भई सकेको छैन । विश्व स्वास्थ्य संगठन आफैले पनि यो महामारी दुई-तीन वर्ष सम्म चल्ने उल्लेख गरी रहेको छ । नेपालमा पनि कोरोना भाइरसको संक्रमणवाट बच्नको लागि नेपाल सरकाले २०७६ चैत ११ गते देखि २०७७ साल श्रावन ७ गते सम्म संघिय सकारले नै बन्दाबन्दी कायम राखेको थियो । सो अवधीमा कोरोना समुदाय स्तरमा फैलिएको थिएनन् । कोरोनाको महामारी नियन्त्रणमै थियो तर श्रावन ७ गते पछि बन्दाबन्दी अन्त गरे पछि कोरोना संक्रमितको संख्या ह्वातै बढेको र स्थानीय सरकारहरुले आ-आफ्नो क्षेत्रमा बन्दावन्दी घोषणा गर्दै आएको छ । कोरोना संक्रमण केही स्थानीय तहमा समुदाय स्तर सम्म फैलिएको स्वय स्थानीय सरकारको भनाई छ ।

कोरोना संक्रमण स्थानीय स्तर सम्म फैलिएको निष्कर्षका साथ प्रदेश नं. १ को राजधानी विराटनगरमा पुन : दोस्रो पटक श्रावन महिना भरीका लागि बन्दाबन्दी घोषण गरी सकेको छ । सरकारले वन्दाबन्दीको घोषणा त गर्छ त्यो घोषणावाट आम जनतामा पर्ने प्रभावको वारेका कुनै खोजविन र अनुसन्धान गरेको देखिदैन । जसका कारण आर्थिक संकट कै कारण कतिपैयले ज्यान गुमाउनु परेकोछ । आर्थिक संकटले गर्दा भोकले मर्नु भन्दा रोगले मर्नु बेस भन्दै अन्धाधुन आम नागरिकले बजारमा भिडभाड बढाएर आफ्नो उपभोग बस्तुको जोहो गर्न लागेका छन् । बन्दाबन्दीको समयमा खाद्य्यान बस्तुको भाव अकासिएको छ तर सरकारको ध्यान त्यता तिर परेकै छैन । बजारमा महगाईलाई कसरी नियन्त्रण गर्ने । आम नागरिकलाई कसरी सर्वसुलभ र सस्तोमा खाद्य्यान बस्तु उपलब्ध हुन्छ । त्यता तिर ध्यान दिन संघिय, प्रदेश र स्थानीय सरकारले ध्यान दिन आवश्यक छ ।

आर्थिक संकटवाट जोगिन बन्दाबन्दीको मोडल परिवर्तन हुन आवश्यक छ । आम नगरिकले थोरै भएपनि अर्थ उपार्जन गर्ने वातावरण मिलाई पालैपालो उद्योग धन्दा, बजार, लगायतलाई खोल्नु पर्दछ । विराटनग महानगर पालिका भित्र भिडि नियन्त्रण गर्नु छ भने पालैपालो वडा बन्द गर्नुपर्छ । खाद्य्य सामग्रीहरु एक दिन एउटा वडा ले किन्न निस्कने र अर्को दिन अर्को वडाले पालैपालोको सिस्टम लगाएमा भिडभाड पनि कम हुने कोरोना संक्रमणवाट पनि जोगिने र घर खर्च पनि चल्ने जस्ता बैज्ञानिक नियम लगाएर बन्दावन्दी गर्न अहिलेको आवश्यकता छ ।

# पार्टी र सरकार चलाउन ओली पूर्ण असफल

**रामचन्द्र झा**

कुनै पनि विषयमा पार्टीभित्र छलफल हुन्छ र छलफल भएर सर्वसम्मत वा अल्पमत/बहुमतको आधारमा निर्णय हुन्छ । अहिलेको चुरो कुरो के हो भने पार्टीका संरचनात्मक कार्यहरु विधि र प्रक्रियाअनुसार चलेन । निष्पक्षरुपमा चलेन, गुटगतरुपमा चल्यो, पार्टीका कमिटीहरुले निरन्तरता पाएन, धेरै दिनदेखि थुप्रै कमिटीहरु जाम छन् । पार्टी कमिटी गठनकै बेलादेखि समस्या छ । हिजो आएका मान्छेहरु सिधै प्रदेश कमिटीमा मनोनयन भए । जबकि विधानको धाराले त्यसका लागि स्पष्ट व्यवस्था गरेको छ । यस्ता थुप्रै प्रक्रियाहरुलाई मिचेर पार्टी अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले कामहरु गर्दै आउनुभएको छ । अर्को कुरो, जिम्मेवारी दिने सवालमै पक्षपात भयो । कुनै व्यक्ति मुख्यमन्त्री पनि हुनुहुन्छ, इन्चार्ज पनि हुनुहुन्छ । उहाँहरुसँग यति समय हुँदैन कि पार्टीको कामहरु पनि कुशलतापूर्वक गरोस् । थुप्रै व्यक्तिहरु बिना काम बसिरहेका छन् । अनुभव प्राप्त व्यक्तिहरु पनि छन्, ती व्यक्तिहरुलाई काम दिँदै नदिने । नीति तथा कार्यक्रमअनुसार काम गर्नेतिर पनि अग्रसरता लिएको छैन । त्यस्तै, व्यापक भ्रष्टाचाहरु भइरहेका छन् । कम्युनिष्ट पार्टी तुलनात्मकरुपमा अन्य पार्टीभन्दा अग्रगामी हुन्छ, भ्रष्ट हुँदैन । पार्टीकै अध्यक्ष प्रधानमन्त्री भएको अवस्थामा उहाँका मन्त्रीहरु व्यापक भ्रष्टाचार गरिरहेको समाचारहरु आइरहेका छन् ।

प्रधानमन्त्री तथा अध्यक्ष खड्गप्रसाद ओली पार्टी र सरकार सञ्चालन गर्न पूर्ण असफल भइसक्नुभयो, अब उहाँलाई दुवै पदबाट नहटाई हुँदैन । खडगप्रसाद ओलीले गर्न सक्नु हुन्न भने विकल्प त दिनुपर्‍यो कि त उहाँले सफाइ दिनुपर्छ अनियमितता गरेको छैन । विकास निर्माणसँग जोडिएका सवालहरु, राज्यका जुन आधारहरु छन् त्यसप्रति पटक-पटक प्रश्नचिन्ह खडा भएका छन् । उहाँले पार्टीको नीति र विधिअनुसार काम गर्न सक्नुभएन, यो उहाँको अयोग्यता हो कि होइन ?

कामकै प्रणालीमा नेकपाका अध्यक्ष वा प्रधानमन्त्री ओलीले प्रश्नचिन्ह खडा गर्नुभएको छ । उहाँका सहयोगी गोकुलप्रसाद बाँस्कोटाले भन्नुभयो कि पार्टी सहमतिको आधार चल्नुपर्छ, बहुमत वा अल्पमतको आधार चल्छ र ? नेकपाको अन्तरिम विधान २०७५ मा पार्टीको निर्णय बहुमतको आधार हुन्छ । संसदीय दल सञ्चालन गर्ने सवालमा पनि पार्टीको केन्द्रीय कमिटीको निर्देशनमा संसदीय दल सञ्चालन हुने भनिएको छ । त्यो पनि उहाँ नमान्ने ? संसद दलको उहाँ सर्वेसर्वा हुनुहुन्छ ? अध्यक्ष भनेको केन्द्रीय कमिटीको हेडिङ्ग गर्ने हो । निर्णय भनेको त सामूहिक हो । बहुमतबाट जे निर्णय हुन्छ त्यो उहाँले मान्नुपर्छ । स्थायी कमिटीमा उहाँको विरुद्धमा दुई तिहाइ मत रहेको छ । दुई तिहाइ व्यक्तिलाई उहाँले पूरै बेवास्ता गर्नुभएको छ । सचिवालयमा र केन्द्रीय समितिमा पनि बहुसंख्यक सदस्य उहाँको विपक्षमा छन् । सबै कमिटीमा उहाँले बहुमत गुमाइ सकेपछि उहाँ कुन प्रणालीबाट चल्दै हुनुहुन्छ ? कसलाई सन्तुष्ट गर्न सक्नुभयो ? पार्टीका जिम्मेवार नेता कार्यकर्ता सन्तुष्ट भएन भने पाँच सय हजार रुपैयाँ दिएर सडकमा नारा जुलुस लगाएर पार्टी चल्छ ? कुनै पनि ठाउँमा उहाँ बहुमत सिद्ध गर्न सक्ने आँट गर्न सक्नुभएको छैन । उहाँ भारतको विरुद्धमा आफूलाई राष्ट्रवादी देखाउन खोज्दै हुनुहुन्छ । इन्डो प्यासिफिक स्टेट्र्याजीको रुपमा रहेको एमसीसी पास गराउन उहाँ वकालत गरिरहनुभएको छ । एमसीसी राष्ट्रघाती हो भनेर हाम्रो केन्द्रीय कमिटीको छ । एमसीसी अध्ययनका लागि झलनाथ खनालको नेतृत्वको समितिले निष्कर्ष निकालेर प्रतिवेदन बुझाइसकेको छ, त्यो प्रतिवेदन लाई उहाँले छलफलमा ल्याउन चाहिरहनुभएको छैन । त्यसैले उहाँ कुनै पनि हिसावले पार्टी र सरकारको नेतृत्व गर्ने नैतिक आधार गुमाइसक्नुभएको छ । उहाँसँग इमानै रहेन ।

उहाँ आफ्नो अडान छोड्ने स्थिति देखिएको छैन । पार्टीले बहुमतबाट निर्णय गर्छ । पार्टीले औपचारिक निर्णय गरिसकेपछि उहाँले मान्नु हुन्छ कि मान्नु हुन्न त्यो मुख्य कुरा हो । यदि उहाँले मान्नु भएन भने पार्टीले पनि उहाँलाई मानिरहनुपर्ने बाध्यता छैन नि । त्यस हिसावले उहाँ आफै आफ्नो स्तर तल झार्दै हुनुहुन्छ ।

उहाँले पार्टीको बैठकलाई पन्छाउँदै हिंडिरहनुभएको छ । बाहिर यो सन्देश नजाओस् कि प्रधानमन्त्री लाई असहयोग गरेर समय पनि दिइएन । छलफलका लागि अनुकूलता पनि दिइएन र पार्टीले सिधै कारबाही गर्‍यो त्यस्तो स्थिति नहोस् भनेर पटक-पटक हामीले समय दिइरहेका छौं । त्यो समयलाई उहाँले कमजोरी ठानिरहनुभएको छ । पार्टीको नेतृत्व लिने हो भने आगामी महाधिवेशन सम्म र सरकारको नेतृत्व लिने हो भने आगामी निर्वाचनसम्म कुर्नुपर्छ भनेर भनिरहनुभएको छ । उहाँ हिजो तत्कालीन एमालेको महाधिवेशनबाट निर्वाचित अध्यक्ष हुनुहुन्थ्यो । अहिले नेपाल कम्युनिष्ट पार्टी हो, एमाले होइन । जुन पार्टीको उहाँ अध्यक्ष निर्वाचित हुनुभएको थियो, त्यो पार्टी विघटन भएर एकीकृत भइसक्यो । नेकपा अन्तरिम विधान २०७५ को व्यवस्थाअनुसार सञ्चालन हुनुपर्ने हो । त्यसअनुसार नेकपाको अन्तरिम विधानलाई उहाँले मान्नु हुन्छ कि मान्नु हुन्न, प्रश्नचिन्ह छ । उहाँले भन्नुपर्‍यो नि कि अन्तरिम विधानलाई मान्दिन । उहाँ कसको इशारामा काम गरिरहनु भएको छ ?

कोरोना महामारी रोकथाम तथा नियन्त्रणकै सवालमा हेर्ने हो भने पूर्ण असफल देखिएको छ । स्वास्थ्य सामग्री चीनबाट जति खरिद भएको छ, त्यसमध्ये कति कामै नलाग्ने, खरिदमा पनि अनियमितता भएको, फेरि सेनालाई जिम्मा दिइयो, त्यसमा पनि भ्रष्टाचारका कुराहरु आयो । कोरोनालाई नियन्त्रण गर्न नसक्ने सरकारलाई कसरी निरन्तरता दिन सकिन्छ ? कोरोना रोकथाम र नियन्त्रणमै उहाँले राम्रो र प्रभावकारी काम गरेको भए यस्तो प्रश्न अहिले सान्दर्भिक हुन्थ्यो । अथवा सरकार सञ्चालन तथा विकास निर्माणमै राम्रो काम गरेको भए हुन्थ्यो । यस्ता समस्याहरु आउँदै रहन्छन् । तर सरकार यदि प्रभावकारी ढंगले काम गर्न सकेन भने ती समस्याहरुको सामना कसरी गर्ने ? त्यसकारणले यस्तो संवेदनशील अवस्था झन् बढी आवश्यक भइसकेको छ कि सरकारले प्रभावकारी ढंगले काम गर्नुपर्‍यो । कुनै सदस्यले उहाँप्रति पूर्वाग्रही भएर उहाँलाई हटाउन खोजिएको होइन, उहाँको काम सन्तोषजनक नभएर मात्रै यस्तो विषय उठेको हो । यदि उहाँ चित्त बुझाउन सक्ने हैसियत राख्नुहुन्छ र त्यो ढंगको प्रस्तुती गर्नु हुन्छ भने आँट गरेर कमिटी फेस गर्नुपर्‍यो ।

नेकपाभित्र चिनियाँ सक्रियता हामी पनि हेरिरहेका छौं । चिनियाँ कम्युनिष्ट पार्टीसँग हाम्रो पार्टीको अन्तर्राष्ट्रियस्तरको सम्बन्ध हो । त्यसैले नेकपाभित्र केही सहजीकरण गरिदिँदा समस्या समाधान हुन्छ कि भन्ने चीनलाई लागेको होला । संसारमा विलय हुँदै गरेको कम्युनिष्ट पार्टी नेपालमा विभाजन नहोस् भनेर लागेको होला । तर, कमिटीका सदस्यहरुको मान्यताविपरीत चीनले हस्तक्षेप गर्न सक्दैन । झलनाथ खनाल प्रधानमन्त्री हुँदा भारतीय दूतावास कम्मर कसेर लागेको थियो । त्यतिबेला यही केपी ओलीले होटलहरुमा भेटेको नजिरहरु त छँदै छ । आफ्नो अनुकूल हुँदा राम्रो ठान्ने, अरुको बेलामा अर्कै तरिकाले हेर्ने । यसरी त हुँदैन ।

नेकपाको विवाद त पार्टीकै नेताहरुले मिलाउनुहुन्छ । उहाँहरुको शुभेच्छा हुन सक्छ । चिनियाँ राजदूतको सुझाव यदि उपयुक्त भयो भने मान्न सकिन्छ । हामी आफ्नो समस्या त आफ्नो हिसावले समाधान गर्छौं नि ।

कुनै राजदूत भेट्नु त्यो व्यक्तिको इच्छामा निर्भर पर्छ । परराष्ट्र मन्त्रालयबाटै एउटा पत्र जारी भएको थियो कुटनीतिक व्यक्तिहरुसँग यसरी भेट्नु राम्रो होइन भने । सरकारमै बसेका व्यक्तिहरुले त्यसको पालना गर्दैन । (नेकपाका केन्द्रीय सदस्य झासँग गरिएको कुराकानीको आधारमा) (मधेश दर्पण फिचर सेवा)

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ): भ्रमण खानपान तथा श्रृगार मा धन खर्च हुने छ। साताको अन्तिम तिर कार्य क्षेत्र वा समाजमा कुरा काट्नेको संख्या बढे पनि साथीसंग राम्रो सहयोग मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): प्रेमका कोपिलाहरु फक्रिएर जाने छ। शेयर कारोबारबाट फाईदा हुनुका साथै छोटो र रमाइलो यात्रापनि हुनेछ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : सामाजिक प्रतिष्ठा प्राप्त हुने देखिन्छ। नयां-नयां कामगरी समाजको ध्यान आफुतिर आकर्षित गर्न सकिने छ। प्रेम प्रस्ताव प्राप्त हुन सक्छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**: व्यपार व्यवसायवाट विशेष लाभ हुने देखिन्छ। अचल सम्पत्ती हातपर्ने योग छ। राम्रो बोल्दा बोल्दै पनि अपजस आइलाग्न सक्छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: धन प्राप्तीको लागि पेशा, व्यवसाय एव स्थान परिवर्तन हुन सकछ। मंगलिक कार्यमा उपस्थितिका साथै विशिष्ट व्यक्तिको भेटघाटले मन प्रसन्न हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: नयाँ ठाउँमा रमाईला यात्राहरू हनेछन्। खर्च बढेपनि आम्दानी भन्दा बढी खर्च हुनेछैन। झैझगडा र मुद्दामामिलाबाट टाढिनु नै जाति हुन्छ

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**: अभिभावकको सुझावले उचाइमा पुऱ्याउन सहयोग गर्नेछ। वाहान लाभपनि हुने समय छ प्रेमीरप्रेमिकाकाबिच खिन्नता बढ्नेछ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सबल हँदै विदेश भ्रमण गर्ने अवसर जुट्न सक्छ। भौतिक सुविधाका साधन खरिद गर्ने अवसर जुट्न सक्छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: सामाजिक कार्य गर्दा मान-प्रतिष्ठा कायम राख्न गोपनियतामा ध्यान पुऱ्याउनुहोला। नजिकको व्यक्तिको सहयोगबाट कार्य पुरा हुनेछ

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**: सभा-सेमिनारमा सहभागी हुने अवसर प्राप्त होला। विद्या, बुद्धि र सन्तान सुख मिल्नेछ। अतिथिको रूपमा सत्कार पाइनेछ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)** : छोटो यात्रा सफल नै हुन्छ,। तार्किक क्षमता एवं बोलीको प्रभावले स्वरोजगार भइनेछ। रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : काम गर्दा आकस्मिक समस्या आइलागेपनि समस्याको हलसमेत निस्कनेछ। मित्रहरूबाट सहयोग जुट्नेछ। व्यापार व्यवसायबाट आम्दानी हुनेछ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# मगही भाषामे/भैया-बहिनके पवनी 'रक्षाबन्धन' के इतिहास आर महत्व

श्याम सुन्दर सुतिहार

धर्मके हिसाबसे देखल जाय त सवसे पुरान हिन्दु धर्मके मानल जाय है । हिन्दु धर्मके अपने धार्मिक आर सांस्कृति है । हिन्दु धर्ममे वर्षेभरै विभिन्न किसिमके पर्व सव मनावल जाय है । ओकरामे से भाई-बहिन मिलके मनावैवला पवनी है 'रक्षाबन्धन' अर्थात नेपालमे जनय पूर्णिमा सेहो कहल जाय है । हिन्दु धर्म मानैवाला प्रत्येक घरमे भाई-बहिन मिलके आर धुमधामके साथ रक्षाबन्धन पवनी मनावल जाय है ।



रक्षाबन्धनके दिन जनै लगवेवाला सब बिहाने उइठके लद्दी, पोखैर, कुण्ड, तलाव, नहर लगायतके स्थानमे जाक नहाय-धुवाई कैरके गायके गोबर लके तुलसीके मोठके भी लिपपोत कैरके जौ, तिल, कुश लक ऋषितर्पणी कैरके विधी-विधानसे मन्त्र पढैके पुरान जनै खोइलके नयां जनै लगवैके करण ऐकरा जनै पूर्णिमा कहल जाय है ।

हिन्दु धर्म मानैवाला सब जायत जनै लगवै है जे लगवै है उ जनैके ब्रहमसूत्र अर्थात ज्ञानके धागा सेहो मानै है । जनै के रुपमे प्रयोग करैवाला धागामे पहिलका तीन धागामे ब्रह्मा, विष्णु आर महेश आर दोसरका तीन धागामे कर्म, उपासना आर ज्ञानके तीन योग रहल मानल जाय है । धर्मशास्त्र मे उल्लेख भेल अनुसार सत्युगमे दाव सव जव देवगनके खेदाइडके मारैके समयमे गुरु वृहस्पति रक्षा विधान तयार कैरके देवगनके बचाके आर वामन अवतार विष्णु राजा बलिके डोरी लक बाइनके बचन वद्ध कराक तीनो लोक लिएके धार्मिक कथा से सेहो रक्षाबन्धन जोडल है । वहिना रक्षावन्धनके दिन देह सुद्ध कैरके देवता, सप्तऋषि (काष्यप, अत्रि, भारद्धाज, गौतम, जमदग्नि, वशिष्ठ आर विश्वामित्र) पितृ सबके नाममे तिल, कुश तर्पण करलाके कारण यी पवनीके ऋषितर्पणी के नामसे जानल जाय है । ज्ञान आर सफल जीवन मार्ग शिक्षा-दिक्षा दयवला ऋषिमुनी सवके सम्मानमे ऋषि तर्पणी करैके जनै धारण, पवित्र कार्य सम्पादन करल जाय है । अतिथी सत्कार, पितृ तर्पण, भूतवली, होम जयसन प्रतिदिन करैवाला पञ्च महायज्ञ कर्मके स्मरण करैवाला दिनके रुपमे भी ताकाधारी सव यी पवनी मनावै है ।

अर्थात सतयुग दानव सव से खेदाडल देवगणके गुरु वृहमस्पति रक्षा विधान तयार करल डोरीसे वलशाली राजा बली बानल गेल वहिना तोरो बान्वौ ऐकरा से तु सुरक्षित बन, विचालत नै हो कहिके डोरी बाइधके बचावल पौरानिक कथा से रक्षाबन्धनके परम्परा शूरु भेल आइ भी ओतने प्रचलित है ।

जनैमे प्रयोग भेल धागाग्रन्थ आर शिखा ज्ञान आर जीवनके वारेमे सही मार्ग दर्शन मे लाइजायल सहयोग मिल है । यी सव कर्म करलासे व्यक्ति, देव ऋण, ऋणी ऋण र पितृ ऋणसे मुक्त हुवैके सेहो जनविश्वास है । जनै पूर्णिमाके दिन हातमे बाँधल रक्षाबन्धन सुकरतियामे गायपुजाके गायके नगडीमे बानहल से मरलाके वाद वैतरणी लद्दी पार हुवैके सेहो जनविश्वास है ।

भैया-बहिन के पवनी रक्षाबन्धन हिन्दु धर्मावलम्बी सवके प्रत्येक घरमे मनावैवाला एगो पवित्र पवनी है । रक्षाबन्धन दुईगो शब्द से जुडल शब्द है । यी पवनी श्रावन महिनाके शुक्ल पूर्णिमाके दिन हर्षोउल्लासके साथ मनावल जाय है । जनै पूर्णिमाके दिन ब्राह्मसव धागा लक घर घरमे जाक रक्षाके धागा बाइनक दक्षिणके रुपमे रुपिया, चामल, फलफूल दिवके सेहो चलन है ।

रक्षाबन्ध भाय-बहिनके आपसी माया, ममता आर स्नेहके रुपमे बहिन सव आपन भैयाके दीर्घायू आर सफल जीवनके कामना करैत वहिनके जीवनके सेहो रक्षाके वाचा करैत हातमे कलात्कक राखी बानल जाय है ।

रक्षाबन्धन पवनीमे हिन्दु धर्मालम्वी सव लगायत अन्य धार्मालम्बी सव भी उत्साके साथ सहभागी भक मनावल जाय है । रक्षावन्धनके दिन बहिन सव अपन भैयाके हातमे पवित्र धागाके रक्षा बाइधके लाल टिका लगाके मिठाइ लगायत ठिमा-मिठा परिकारसव सेहो खुवाव है । भैयासव भी बहिनके मिठा-मिठा पकवान खुवाके उपहारके स्वरुपम लत्ता-कपडा, रुपैया दक बहिनके उपर आवैवला सव संकटसे वचावैके समेत करै है । आर भैया सवभी वहिनके रक्षा करैके वचन के साथ उपहार दैके प्रचलन सेहो परापुर्वकाल से चलते आ रहल है ।

एक पौरानिक कथाके अनुसार देवराज इन्द्र आर दैत्यराज वृत मध्य १२ वर्ष तक भयकर युद्ध चलल इ युद्धिमे असुर सव देवता सवके उपर विजय प्राप्त करले रहल आर पराजीत देवगन धर्म आर संस्कार विहीन भक जीवनयापन करते रहल । अपन जीवन गौरव विहीन से देवराज इन्द्र बचल से मरना ही भला समैभक्के असुर से पुन: अन्तिम लडाईके संकल्प लैत श्रावन शुक्ल चतुर्दशीके दिन देव गुरु वृहस्पति एक दिन अगाडी इन्द्रके कल्याण आर विजय कामना हुवै के रक्षा विधान श्रावण मासके पूर्णिमाके शुभ मुहुर्तमे इन्द्रके हातमे रक्षाके बन्धन बाधेका थिए । त्स्पश्चात इन्द्रानी इन्द्रके हातमे रक्ष्प सूत्र बानलक आर असुर से विजय प्राप्त करलक ।

जेकर भावर्थ है मानव आफ्नो आसुरी वृतिके उपर विजय प्राप्त करैल चाहे त अपन धर्मपत्नीसे रक्षासुत्र बानना आवश्यक है । मन, बचन आर कर्म के पवित्र बनावके जरुरी है । एक दोसरका कथा के अनुसार यमदुत अपन बहिन यमुना संगे राखी बानैके समयमे कह है कि जे पवित्राके राखी बानत उ यमदुतके सजाय आर भय से मुक्त होतय । वहे से एखनियो रक्षा वन्धनके प्रचलन दिन प्रति दिन बढते जा रहल है ।

रक्षाबन्धनके एक धार्मिक उत्सव सेहो मानल जाय है । जेकर सम्वन जीवनके श्रेष्डता, निर्विकारिता से जुडल है । वहे से रक्षाबन्धनके विषतोक पवनी सेहो कहल जाय है ।

एखिनका आधुनिक युगमे सव लोग अपन सांसारिक बन्धन से छुटैल चाह है कयलकी इश्वरीय बन्धन काल्पनिक आर सुखदायी बन्धन है । रक्षाबन्धी भी एकरे प्रतिक है कैलकि हम सव अपन स्यम रक्षा करैके लेल पवित्रताके बन्धन मे बाधना आवश्यक है । इ बन्धन दशमी तक बाधल जाय है मनके दश विकार उपर जव तक विजय प्राप्त न होय है तब तक दशमी नय मनाव है । रक्षा वन्धनके पवित्र वन्धन तवतक वानन आवश्यक है जवतक पवित्रातके धारण आत्मिक स्थितिमे स्थित धारण न होजाय ।

रक्षाबन्धन मर्यादा आर आत्मा निग्रहसे मृत्यु उपर विजय प्राप्त करैवाला पवनी है । रक्षासुत्रके वन्धन आर टिका यी पवनीके मुख्य विधान है । सूत्र आत्माके मार्यादा र संयमके प्रतिक है आर टिका आत्म स्वरुप स्थितिमे स्थित होयवला प्रतिक है । रक्षाबन्धनके सही अर्थ अपन आत्म स्थितिमे अचल, अडोल भके पवित्रताके पलन करैके है कायल कि पवित्रता सेहर्ि मृत्युपर विजय प्राप्त करल जाय है ।




# प्रदेश १ प्रमुखद्धारा बकर ईद पर्वको शुभकामना

विराटनगर । इस्लाम धर्मावलम्बी हरूको महान चाड ईद-उल-अजहा ( बकर ईद) को पावन अवसरमा प्रदेश नं. १ प्रमखु सोमनाथ अधिकारी (प्यासी) ले शुभकामना संदेश जारी गरेको छ ।

शुभकामना संन्देशमा भनिएको छ स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण राष्ट्रप्रेमी नेपाली इस्लाम धर्मावलम्बी दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायू एवम् उत्तरोत्तर प्रगतिको कामना गरको छ ।

हजरत मुहम्मतको स्वीकृतिमा मनाउँदै आएको यस पर्वमा आत्मिक भावले अल्लाहसँग प्रार्थना गरी सामुहिक हर्षबढाइँका साथ शुभकामना आदान प्रदान गर्ने परम्परा रहेको छ। आज विश्व नै नोवल कोरोना भाइरस (कोभिड - १९) को महामारीले आक्रान्त पारिरहेको छ । यस परिप्रेक्ष्यमा भौतिक तथा सामाजिक दूरी कायम गरी बकर ईद पर्व मनाउन आग्रह समेत गरकोछ

त्यसैगरी संदेशमा भनिएको छ बहुलजाति, बहुलभाषा, बहु संस्कृति, बहुधार्मिक विशेषताले युक्त सुन्दर देश नेपालका राष्ट्रप्रेमी इस्लाम धर्मावलम्बीहरू एकता र राष्ट्रिय स्वाभिमानका प्रतिक हुन् । यस बकर ईद पर्वले नेपाली समुदायमा धार्मिक, सांस्कृतिक सद्भाव कायम राख्दै भातृत्व एवम् आपसी सहिष्णुतालाई थप प्रगाढ तुल्याइ मौलिक संस्कृति र परम्पराको संरक्षण, सर्म्वद्धन तथा विकास गर्ने लिएको छ ।

अन्त्यमा, घर मै सुरक्षित बसी बकर ईद पर्व भव्य र सभ्य रुपमा मनाउँनु हुन अनुरोध गर्दै कोभिड -१९ सँग लड्ने शक्ति अल्लाहले सबैलाई प्रदान गरून् भन्ने अभिलाषा व्यक्त गर्दै मुलुकको सार्वभौमिकता, अखण्डता र राष्ट्रिय एकताका निमित्त बकर ईद पर्वबाट सबैमा प्रेरणा मिलोस भन्ने कामना गरेको छ ।

# लागु औषध एन्फाटामाईन सहित १ जना पक्राउ

विराटनगर । मोरङको बिराटनगर महानगरपालिका वडा नं. २ बरगाछी चोकबाट प्रतिवन्धीत लागुऔषध एन्फाटामाईन (आईस) सहित १ जना पक्राउ परेका छन् ।

बिशेष सूचनाको आधारमा मंगलवार जिल्ला प्रहरी कार्यालय मोरङ र लागुऔषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले को ३७ प ८३१६ नम्बरको मोटरसाईकलमा सवार रहेका सुन्दरहरैचा नगरपालिका वडा नं ८ का राम प्रसाद पोखरेललाई पक्रउ गरेको छ ।



पोखरेलसंग २ सय २२ ग्राम र १ सय ५० मिलिग्राम लागुऔषध सहित पक्राउ गरेको हो । लागुऔषध सहित पक्राउ परेका पोखरेलको सम्बन्धमा थप अनुसन्धान गर्ने क्रममा निजको घरमा समेत रहेको भन्ने प्रारम्भीक अनुसन्धानबाट खुले संगै निजको घरमा नियमानुसार खानतलासी गर्दा थप ३ सय ०८ ग्राम ७८ मिलिग्राम एन्फाटामाईन (आईस) बरामद भएको थियो ।

यसरी कुल ५३० ग्राम ९३ मिलिग्राम नियन्त्रीत लागुऔषध एन्फाटामाईन (आईस) सहित पक्राउ परेका पोखरेलको सम्बन्धमा थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

**उपभोक्ताहरुमा अनुरोध:**

१. उपभोग्य वस्तु खरिद गर्नुअघि अनिवार्यरुपमा वस्तुको मुल्य, उत्पादकको नाम एवं ठेगाना, तौल, उत्पादन मिति र उपभोग गर्न सकिने अन्तिम मिति हेर्नै गरौं।
२. उत्पादन मिति, उपभोग गर्न सकिने अन्तिम मिति नभएको वा केरमेट गरेको वा पुन: लेबलिङ् गरेको वस्तु वा सामान खरिद नगरौं।
३. वस्तु वा सामान खरिद गर्दा अनिवार्यरुपमा बिल लिने गरौं।
४. अखाद्य, सडेगलेको वा म्याद नाघेको तथा अस्वाभाविकरुपमा बढी मूल्य लिई वा कम तौलका वस्तु बिक्रि गर्नु गैर कानूनी कार्य हो।
५. उपभोग्य वस्तुमा त्स्ता त्रुटीहरु भेटिए पैसा नलाग्ने नम्बर ११३७ मा फोन गरी वा Consumer App मार्फत गुनासो गर्न सकिन्छ।

"सचेत उपभोक्ता बनौं, आफ्नो मौलिक अधिकारको सदुपयोग गरौं।"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# बाढी पहिरोपछिको खाद्य व्यवस्थापन


हरिहर गुरागाईं

नोवेल कोरोना भारस (कोभिड-१९) महामारीसँगै बाढी पहिरोको विपद् आइलागेको छ , अविलम्ब केही सावधानी अपनाइएन भने यसले अप्रत्यक्ष रुपमा विपद्पश्चात जनस्वास्थ्यमा झन ठूलो असर पार्ने देखिन्छ , संसार भरिका ठूलाठूला बाढीका घटनाले सिकाएको पाठ भनेको बाढी पछिको व्यवस्थापन हो ।

सुरक्षित आवाससँगै स्वच्छ पानीको आपूर्ति, वातावरणीय सरसफाइ, तात्कालिक चोटपटकको उपचारसँगै सम्भावित सरुवा रोग नियन्त्रण र सुरक्षित खानाको आवश्यकता पर्छ , यी काम जति चाँडो र सजिलो गरी सम्पन्न हुन्छन्, देशका बाढी पीडित नागरिक त्यति नै चाँडो सामान्य अवस्थामा फर्किन सक्छन् ।

अमेरिकाको तटीय क्षेत्रमा वर्षेनिजसो आउने हुरी केनबाट हताहत हुनेको संख्या पछिल्लो दशकमा अत्यन्तै कम हुँदै आएको छ , विश्वमा आइपर्ने प्राकृतिक विपत्तिहरु मध्ये बाढी ४० प्रतिशत र करिब ५० प्रतिशत मृत्युको कारक हो , भौगोलिक बनावट र व्यवस्थापकीय कमजोरीले एशिया महादेश बाढीको सबैभन्दा उच्च जोखिममा पर्दछ , हामी बाढीले बगाएर मृत्यु हुनेको संख्यामात्र जोड्ने गर्छौ तर हाम्रा जस्ता साधन, स्रोत र तयारी नभएका देशमा बाढीले बगाएर मृत्यु हुने मानिसको संख्याभन्दा त्यसपछि फैलने संक्रमणले ज्यान जानेको संख्या बढी देखिन्छ ।

बाढी पहिरोका कारण खानेपानीको पाइप फुट्ने, ढल मिसिने, पानीको मुहान प्रदूषित हुने, रुखविरुवा ढल्ने तथा जनावरको मृत्यु भई पानीमा मिसिने आदि धेरै सम्भावना हुने हुँदा पानी खाँदा हरेक पटक निरोगीकरण गरेर मात्र खानु पर्छ ।

बाढी पहिरोका कारण विशेष गरी खानेपानी तुरुन्तै प्रदूषित हुने हुँदा यो रोग सार्ने प्रमुख कारण हुन सक्छ , हाम्रो यो आपतकालीन अवस्थामा यातायात र सञ्चार अवरुद्ध भएका बेला सामान्य बिरामीको पनि मत्यु हुन सक्छ, बाढी पहिरोका कारण खानेपानीको पाइप फुट्ने, ढल मिसिने, पानीको मुहान प्रदूषित हुने, रुखविरुवा ढल्ने तथा जनावरको मृत्यु भई पानीमा मिसिने आदि धेरै सम्भावना हुने हुँदा पानी खाँदा हरेक पटक निरोगीकरण गरेर मात्र खानु पर्छ , पहाडमा धारा, खोल्सा, नदीदेखि लिएर तराईमा प्रयोग हुने ट्युवेलको पानीसमेत यस्तो समयमा प्रदूषित हुन सक्छ, आपतको समयमा सरकारी सेवा प्रभावित हुन सक्ने हुँदा धाराको पानी जहिले पनि निरोगीकरण गरेर मात्र खानु बुद्धिमानी हुन्छ ।

बाढी पहिरोका समयमा पानी निरोगीकरण कसरी गर्ने ?

उमालेर : पानी उमालेर खाने सबैभन्दा सजिलो र पुरानो तरिका हो , बाढीपहिरोका समयमा इन्धनको अभाव हुन सक्ने हुँदा पानी उमालेर खान समस्या हुन सक्छ , परिस्थिति हेरेर दैवी प्रकोपमा सक्रिय सरकारी तथा गैरसरकारी संघसस्थाले पानी निरोगीकरणका अन्य वैकल्पिक साधनहरु आपूर्ति गर्नु पर्ने हुन सक्छ ।

ब्लिचिङ गरेर : अहिले बजारमा विभिन्न ब्राण्डका पानी शुद्धीकरण गर्ने क्याल्सियम तथा सोडियम हाइपोक्लोराइड, ब्लिचिङ पाउडर आदि पाइने हुँदा प्राविधिज्ञ वा उत्पादकको सल्लाहबमोजिम प्रयोग गर्न सकिन्छ , यस्ता रसायनले तत्काल जीवाणु मार्ने हुँदा आपतकालीन अवस्थामा धेरै देशहरुले उद्धार कार्यमा खानेपानीको आपूर्ति गर्दा ब्लिचिङ गर्ने प्रविधि प्रयोग गरेको देखिन्छ , अन्य सामान्य अवस्थामा पनि गाउँ सहरमा वितरण गरिने सार्वजनिक पानी वितरण प्रणालीमा पानी निरोगीकरण गर्न यो प्रविधि प्रयोग गरिन्छ ।

सोलार डिस्इन्फेक्सन (सोडिस) प्रविधि : झरी परिरहँदा घाम नलाग्ने भएकोले यो प्रविधि उपयुक्त नभए पनि झरी रोकिएर घाम लाग्न थालेपछि भने विना इन्धन यो प्रविधिद्वारा पानी निरोगीकरण गर्न सकिन्छ , यसका लागि एउटा पारदर्शी प्लास्टिक वा सिसाको बोतलमा तीन चौथाइ पानी हाल्ने र बिर्को बन्द गरी करिब दुई मिनेट बेस्सरी हल्लाउने अनि ३ देखि ६ घण्टासम्म घाममा राख्ने , यसो गर्दा घामको युभी विकिरण पानीको सबै तहमा पुग्ने र पानी हल्लाउँदा हावामा भएको अक्सिजन पानीमा घुलेर जीवाणु मर्न सक्ने नेसेन्ट अक्सिजन तयार भई सम्पूर्ण जीवाणु नष्ट हुन्छन् ।

पानीबाहेक अरु बालीनालीहरु पनि बाढीका कारण प्रदूषित हुने गर्छन् , हरियो सागपात, गोलभेंडा, काउलीजस्ता तरकारी फलफूल, अन्न आदि सबै फोहोर पानीले विषाक्त हुन सक्छन् , यो बाहेक भण्डारण गरिएका अन्न पानी परी ढुसी आउने पनि हुन सक्छ , पशुहरु बिरामी हुन सक्ने हुँदा ती पशुको दूधसमेत संक्रमित हुन सक्छ , त्यसैले यस्तो विपतको समयमा एकदमै होसियारी अपनाउनु पर्दछ ।

सफा पानीको व्यवस्था गर्ने, साग सब्जीहरु राम्ररी पखाल्ने, राम्ररी पकाएर मात्र खाने, दूध राम्ररी उमालेर खाने, पशुलाई पनि सकेसम्म सफा पानी ख्वाउने आदि बाढीको समयमा अपनाउने सावधानीहरु हुन् , धेरैजसो अवस्थामा बाढी पहिरो चल्दै गर्दा खानपिउन सम्भव नहुन सक्छ, तर, पनि खानु अनिवार्य आवश्यकता भएकोले त्यतिवेला चिउरा, भुजा, चना, मकैजस्ता सुख्खा खानेकुराहरु खानु सुरक्षित हुन्छ ।

बाढी पहिरोपछिको व्यवस्थापन

बाढी पहिरोपछि सञ्चालन हुने होटल, रेस्टुरेन्ट, खाद्य उद्योगहरुले आफ्नो सेवा सुचारु गर्दा धेरै सावधानी अपनाउनुपर्छ , मौज्दात रहेका प्रत्येक कच्चा सामग्रीहरु प्रदूषित छन् कि छैनन् यकिन गर्ने, प्रशोधन कक्ष वा भान्सा राम्ररी निरोगीकरण गर्नु अनिवार्य छ , पानीको स्रोत, ढलको अवस्था यकिन हुनु जरुरी हुन्छ ।

घरगृहस्थीले पनि बाढीपछि सावधानी नअपनाएमा संक्रमण फैलन सक्छ , मरेका जनावर भए उचित व्यवस्थापन गर्नु पर्छ ।

- गहिरो खाल्डो खनी ती जनावर पुर्ने ।
- जनावर मरेको स्थानमा ब्लिचिङ पाउडर जस्ता औषधि छर्ने
- बिरामी पशुपन्छीलाई अलग्गै राख्ने
- भण्डारण गरिएका अन्न गेडागुडी घाममा सुकाएर राख्ने ।
-तरकारी, फलफूलमा फोहोर पानी मिसिएको भए भण्डारण नगर्ने वा निरोगीकरण गरेर वा प्राविधिज्ञको सल्लाह लिएर मात्र उपभोग तथा बिक्रवितरण गर्ने ।

विशेष गरी पानी निरोगीकरण गरेर मात्र सेवन गर्ने जस्ता कार्य गरेमा बाढीपछिको जनजीवन सहज हुँदै जान्छ जनस्वास्थ्यमा प्रतिकूल असर पर्दैन , केही देशहरुले आफ्नो रिपोर्टमा बाढी विनासपछि छरिएका अन्न गेडागुडी र फोहोरका कारण मुसाद्वारा सर्ने रोगहरु फैलिएको उल्लेख गरेका छन् ।

त्यस्तै, बाढीले अस्पतालको ढल तथा फोहोर पानीको स्रोतमा मिसिने सक्ने हुँदा अस्पताल पुन: सञ्चालन गर्दा राम्ररी सरसफाइ गर्नुपर्छ र त्यस्ता स्थानका फसलहरु उपभोग गर्नु हुन्न , सरकारी तवरबाट प्रकोप पश्चात् गरिने व्यवस्थापनमा खाद्य पदार्थहरुको अनुगमन, परीक्षण, पानी निरोगीकरण जस्ता कार्य तीव्र रुपमा सञ्चलन गर्नु र जनचेतना अभिवृद्धि गर्नु जरुरी हुन्छ ।

(लेखक खाद्य वैज्ञानिक हुन् )

# इस्लाम धर्मालम्बीहरुको महान चाडपर्व बकर ईद घर-घरमा



विराटनगर । इस्लाम धर्मालम्बीहरुको महान चाडपर्व बकर इर्द घर-घरमा नवाज पढेर मनाई रहेको छ ।इदुल फित्र अर्थात रमजान पर्वको ७० औं दिनमा बकर ईद मनाउने गरिएको छ ।

बकर ईदका दिन इस्लाम धर्मालम्वीहरुले सामूहिक रुपमा मस्जितमा जम्मा भई विशेष नमाज पढ्ने प्रचलन रहेपनि कोरोना भईरस (कोभिड-१९) का कारण भिडभाड गर्दा कोरोना संक्रमणको जोखिम बढ्ने सम्भावना भएकोले यसपालिको चाडपर्व घर-घरमै बसेर नमाज बढ्न राष्ट्रिय मुस्लिम आयोगले सवैलाई आग्रह गरे अनुसार घर-घरमै बकर ईद मनाई रहेको छ ।

हिजरी संवत अनुसार १४३५ वर्ष पहिले अल्लाहको आदेशमा इब्राहिमले आफ्ना छोरा इस्माएल अलेह सलामलाई बलिदान गर्न तयार भएको सम्झनामा यो पर्व मनाउन थालिएको इस्लामिक मोलवीहरुको भनाई छ ।

इस्लामहरुको बकर ईद पर्वका दिन नमाज पढि सकेपछि एक आपसमा शुभकामना आदान-प्रधान गर्ने, जनावलको वलि दिने र त्यस वलि दिएको जनावरको मासुलाई तीन भागमा वाडी एक भाग परिवार जनलाई, दोस्रो भाग पाहुनाहरुलाई र तेस्रा भाग गरीब एवं दीन दु:खीलाई बाँड्ने प्रचलन रहेको छ ।

ब्कर ईदपर्वको उपलक्ष्यमा राष्ट्रपति विद्यादेवी भण्डारीले बकर ईद सद्भाव र शुभेच्छा आदानप्रदानको महत्वपूर्ण चाड भएको भन्दै सम्पूर्ण इस्लाम धर्मावलम्बीहरुलाई शुभकामना सन्देश दिँदै राष्ट्रपति भण्डारीले सामूहिकरूपमा नमाज पढ्दै एक आपसमा शुभकामना साटासाट गर्ने हुँदा यस परम्पराले आपसी सद्भाव, सहिष्णुता, मेलमिलाप र भाइचारा अभिवृद्धि गर्न मद्दत पुग्ने विश्वास लिनुभएको छ ।

यसैगरी प्रधानमन्त्री केपी शर्मा ओली, नेपाल कम्युनिष्ट पार्टी ( नेकपा)का अध्यक्ष पुष्पकमल दाहालले पनि बकर ईदको शुभकामना दिनुभएको छ ।

## स्वास्थ्य

### कपडाको मास्क लगाउने तरीका र व्यवस्वस्थापन गर्ने उपाय

कोरोना भाइरसको संक्रमण फैलिरहेको समयमा विज्ञहरुले सबैलाई अनिवार्य रुपमा मास्क प्रयोग गर्न सुझाव दिइरहेका छन्। सकेसम्म सर्जिकल मास्क प्रयोग गर्ने र सर्जिकल मास्क नभएमा कपडाको भए पनि मास्क प्रयोग गर्न विज्ञको सुझाव छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पनि सकेसम्म घरबाहिर ननिस्कन र निस्कनै परेमा अनिवार्य रुपमा मास्कको प्रयोग गर्न जोड दिएको छ। मन्त्रालयले मास्क प्रयोग गर्ने तरिकाका विषयमा पनि जानकारी दिँदै आइरहेको छ ।

मन्त्रालयले सर्जिकल र कपडाको मास्क लगाउने तरिका र व्यवस्थापनका विषयमा पनि सुझाव सार्वजनिक गर्दै आइरहेको छ ।

यहाँ कपडाको मास्क लगाउने तरिका र त्यसको व्यवस्थापनका विषयमा जानकारी दिइएको छ ।

कपडाको मास्क लगाउने तरिका

१. मिचिमिची कम्तीमा २० सेकेन्ड साबुन-पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने ।

२. मास्क च्यातिएको छ कि छैन वा सफा छ कि छैन हेर्ने ।

३. मास्क लगाउँदा डोरीमा समाई अनुहारमा टम्म मिल्ने गरी लगाउने ।

४. नाक, मुख र च्युँडो ढाकिने गरी लगाउने ।




५. सकभर मास्कलाई हातले नछुने ।

६. डोरी मात्र समाई मास्क फुकाल्ने ।

७. कपडाको मास्कलाई फेरि प्रयोग गर्न मिल्छ । फुकालेको मास्कलाई सफा र सुख्खा हुनेगरी राख्ने ।

८. मास्क फुकालेपछि साबुन-पानीले मिचिमिची कम्तीमा २० सेकेन्ड हात धुने वा स्यानिटाइजर प्रयोग गर्ने ।

९. प्रयोग गरेको मास्कलाई हरेक दिन साबुन-पानीले धुने र घाममा सुकाउने ।

कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौ देशको राजश्व बढाऔं ।

स्थायी लेखा नम्बर लिनुहोस् ढुक्क भएर व्यवसायी सञ्चालन गर्नुहोस् ।

लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर ।

कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सभागी बनौं ।

सामान किनौं गतिलो ठानेर बिल मागौं अधिकार ठानेर ।

नेपाल सरकार
आन्तरिक राजश्वकार्यालय विराटनगर

विराटनगर महानगरपालिको अपिल

१. नोभेल कोरोना (कोभिड-१९) संक्रमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेको सवै पसल, उदोग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरुका लागि साबुन पानी वा सेनिटाईजर ले हात धुने व्यवस्था मिलाउनु पर्ने ।

२. नोभेल कोरोना (कोभिड-१९) भाइरस विरुद्ध सामाजिक संघ संस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्धार प्रणालीको व्यवस्थपन र्कामा सहयोग गर्ने ।

३. महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटबजारहरु अर्को सूचना नभएसम्म का लागि स्थगित (वन्द) गर्ने ।

थप जानकारीको लागि ९८४२०२३६७९, ९८५२०३२८१८, ९८४४०९९३७०

कपडाको म

# रक्षाबन्धनको इतिहास र महत्व

विजय कुमार

विश्वकै पुरातन धर्म हिन्द धर्मलाई मानिन्छ । हिन्दु धर्मको पनि आफ्नै धर्म, धार्मिक तथा साँस्कृतिक पर्वहरु छन् त्यस मध्येका जनै पूर्णिमा तथा रक्षा बन्धन पर्व हिन्दु धर्मालम्बीहरुले धुमधामका साथ मनाइन्छ । रक्षाबनधनको दिन बिहानै नदी, तलाउमा गई गाईको गोबर तथा तुलसीको माटो लगाई नुहाउने तथा जौ, तिल, कुशद्वारा ऋषितर्पणी गरी वैदिक विधिपूर्वक मन्त्रिएको नयाँ जनै (यज्ञोपवित) फेर्ने चलन रहेकाले यस पर्वलाई जनै पूर्णीमा भन्ने गरिएको हो ।

हिन्दु दर्शनअनुसार जनैलाई ब्रह्मासूत्र अर्थात ज्ञानको धागो पनि भनिन्छ । जनैका दुई शिखामध्ये एउटा शिखामा रहेका तीन डोरालाई ब्रह्मा, विष्णु र महेश्वर तथा अर्को शिखाको डोरालाई कर्म, उपासना र ज्ञानका तीन योग मानिन्छ । सत्ययुगमा दानवद्वारा लखेटिएका देवगणलाई गुरु वृहस्पतिले रक्षा विधान तयार गरी जोगाएका तथा वामनअवतार विष्णुले राजा बलिलाई डोरो बाँधी वचनबद्ध गराएर तीनै लोक लिएको धार्मिक किम्वदन्तीसँग पनि रक्षाबन्धनको सम्बन्ध जोडिएको छ । यसैगरी यस् दिन देह शुद्ध गरी देवता, सप्तऋषि ( कश्यप, अत्रि, भारद्वाज, गौतम, जमदग्नि, वशिष्ठ र विश्वामित्र) तथा पितृहरूको नाममा तिल, कुशसहित तर्पण गरिने भएकाले यस पर्वलाई ऋषितर्पणीका नामले पनि चिनिन्छ । ज्ञान र सफल जीवन मार्गको शिक्षा दिक्षा गर्ने ऋषीहरूको सम्मानमा ऋषि तर्पणी गरि अभिमन्त्रित जनै धारण गरेर धार्मिक तथा पवित्र कार्य सम्पादन गरिन्छ । स्वाध्याय, अतिथि सत्कार, पितृ तर्पण, भूतबली, होम जस्ता दैनिक गर्नुपर्ने पञ्च महायज्ञको कर्मलाई स्मरण गराउने दिनको रूपमा पनि ताकाधारीहरू यो पर्व मनाउने गर्छन ।

अर्थात् सत्ययुगमा दानवद्वारा लखेटिएका देवगणलाई गुरु वृहस्पतिले रक्षा विधान तयार गरी जेले अत्यन्त बलशाली दानवराज बलि बाँधिए, त्यसैले म तिमीलाई बाँध्छु, यसले तिमी सुरक्षित बन, विचलित नहोऊ भनी डोरो बाँधेर जोगाएका थिए भन्ने पौराणिक कथनबाट चलेको रक्षाबन्धनको परम्परा आज पनि त्यत्तिकै प्रचलित छ । जनैमा प्रयोग्त हुने डोराग्रन्थ र शिखाले ज्ञान र जीवनबारे सही मार्गमा लैजान सहयोग गर्छन । यी कर्महरू गर्दा व्यक्ति, देव ऋण, ऋषी ऋण र पितृ ऋणबाट मुक्त हुने धार्मिक विश्वास छ । जनैपूणिर्माको दिन हातमा बांधिएको रक्षाबन्धन गाइतिहारका दिन गाइको पुच्छरमा बांधि दिएमा मृत्युपछि वैतरणी नदी पार हुने जन विश्वास छ ।

रक्षा बन्धन हिन्दू धर्मावलम्बी हरूले मनाउने एउटा पवित्र दिन हो । रक्षाबन्धन शब्दमा दुई शब्द जोडिएको छ । यो चाड श्रावण शुक्ल पूर्णिमाको दिन मनाईन्छ । जनै लगाउनेहरू यस दिन पुरानो जनै फेरेर नयाँ जनै लगाउने गर्दछन् । यस दिन बर्षभरीका लागि आवश्यक पर्ने जनै तयार गरी मन्त्रेर राख्ने गरिन्छ । यस दिन नेपालमा बाहुनहरू नुहाई-धुवाई गरेर पूजा पाठ गरि सके पछि पवित्र धागो जसलाई रक्षा भन्छन् बोकेर गाँउ गाँउ गएर सबै जनालाई रक्षा बाँधेर टिका लगाईदिने गर्छन । बदलामा मान्छेहरूले बाहुनलाई रूपयाँ पैसा दिने गर्छन ।

तराई क्षेत्रमा रक्षाबन्धनलाई दिदी-बहिनी र दाजु-भाइको आपसी मायाको चाडका रूपमा लिइन्छ । यो दिन दिदी-बहिनीले आफ्ना दाजु-भाइको दीर्घायु र सफल जीवनको कामना गरी हातमा कलात्मक राखी बाँधी आफ्नो रक्षाको बचन लिने चलन छ ।

रक्षाबन्धन पर्व भारत लगायत तराई मधेशमा वडो उत्साहित भएर दिदीबहिनीर दाजुभाई वीच मनाईन्छ । यस दिन बहिनीहरूले आफ्नो भाईको हातमा पवित्र धागो रक्षा बाँधेर, टिका लगाएर मिठाई खुवाउछन । भाईले बहिनीलाई केही उपहार दिन्छ अथवा रूपयाँ पैसा दिन्छ तथा बहिनीको रक्षा गर्ने वचन दिन्छ । मधेशमा रक्षा बन्धन वडो उत्साह पूर्वक बहिनीले भाईको हातमा राखी बाँधेर मनाउने चलन रहेको छ । साउन पुर्णिमाको दिन प्रात: नुहाइ धुवाइ गरेर बहिनहिरुले पुजाको थालीमा राखीको साथमा दिप,चन्दन,मिठाइ इत्यादी लिएर अभिष्ट भन्ने देवतालाई सम्झेर दाजुभाइलाई टिका लगाएर मिठाइ ख्वाइ, लामो दिर्घायुको कामना गर्दै दाँया हातमा राखी बाँधने मधेशको महिलाहरुको पुरानो चलन रहेको छ । मधेशमा दाजुभाइले बहिनीको रक्षा गर्ने प्रतिवद्धताको साथ उपहारहरु पनि दिइने प्रचलन परापूर्वकाल देखी नै चल्दै आइरहेको मान्यता रहेको छ ।

पौराणिक कथाको अनुसार देवराज इन्द्र र दैत्यराज वृत मध्य १२ वर्षसम्म भयकंर युद्ध चलेको थियो । यस युद्धमा असुरहरुले देवताहरुमाथि विजय प्राप्त गरेका थिए । पराजित देवगण धर्म एवं संस्कार विहीन भएर जीवनयापन गर्न लागे । यसरी गौरवहीन जीवनदेखि देवराज इन्द्र बांच्नु भन्दा मर्नु नै श्रेयस्कर सम्झेर असुरसंग अन्तिम युद्ध गर्ने संकल्प लिनुहुन्छ । त्यो दिन श्रावण शुक्ल चतुर्दशीको दिन थियो । अत: देवगुरु वृहस्पतिले अघिल्लो दिन इन्द्रको कल्याण एवं विजय कामना होस् भनी रक्षाको विधान श्रावण मासको पूणिमाको शुभ मूहूर्तमा इन्द्रलाई रक्षाको बन्धन बांध्दै निम्न मन्त्र जप्नुहुन्छ । येन बद्धो बली राजा दानवेन्द्रो महाबल:, तेन मन्त्रेण बहनामि रक्षे मा चल मा चल ॥ तत्पश्चात् इन्द्राणीले इन्द्रको दाहिने हातमा रक्षासूत्र बांध्नुहुन्छ । त्यो कुन रक्षासूत्र थियो त जुन रक्षासूत्र बांध्नाले देवराज इन्द्र विजयी बने । वास्तवमा त्यो पवित्रताको रक्षासूत्र थियो । जसको भावार्थ यही हो कि यदि मानिसले आफ्नो आसुरी वृतिहरुमाथि विजय प्राप्त गर्न चाहन्छ भने आफ्ना धर्मपत्नीसंग पनि रक्षासूत्र अवश्य बांध्नु पर्दछ । मन, वचन र कर्मलाई पवित्र बनाउनु पर्दछ । एक अन्य शास्त्र कथा अनुसार जब यमदूतले आफ्नो बहिनी यमुनासंग राखी बांध्ने समयमा भनेको हुन्छ कि जसले यस पवित्रताको राखी बांध्दछ उ यमदूतको सजाय अथवा भयबाट मुक्त हुन सक्दछ । रक्षाबन्धन एक धार्मिक उत्सव पनि हो । जसको सम्बन्ध जीवनमा श्रेष्ठता एवं निर्विकारितासंग छ । यसकारण यस पर्वलाई विषतोडक पर्व पनि भनिन्छ ।

आज हरेक व्यक्ति सांसारिक बन्धनदेखि छुट्न चाहन्छन् र ईश्वरीय बन्धनमा बांधिन चाहन्छन् किनकि ईश्वरीय बन्धन काल्पनिक र सुखदायी बन्धन हो । रक्षाबन्धन यसै कुराको प्रतीक हो कि हामीले आफ्नो स्वयंको रक्षा गर्नको लागि पवित्रताको बन्धनमा बांधिनुपर्छ । भनिन्छ कि यो बन्धन दशैंसम्म बांध्ने जबसम्म दश विकार माथि विजय प्राप्त गरेर दशमी मनाईंदैन तबसम्म यो पवित्रताको बन्धनमा बांधिनु पर्ने आवश्यकता छ किनकि पवित्रताको धारणा आत्मिक स्थितिमा स्थित भएमा मात्र गर्न सकिन्छ । यसकारण यसदिन पहिला बहिनीले भाइलाई टीका लगाइदिन्छन् र स्थूल सामाग्री दिनुको वास्तविक अर्थ खराब चिजको दान गर्ने प्रतीक हो ।

रक्षाबन्धन मर्यादा र आत्मा निग्रहद्वारा मृत्युमाथि विजय प्राप्त गर्ने पर्व हो । रक्षासूत्रको बन्धन र टिका यस उत्सवको प्रमुख विधान हो । सूत्र आत्माको मयादा र संयमको प्रतीक हो र टिका आत्म स्वरुप स्थितिमा स्थित हुने प्रतीक हो । सूत्र कुनैपनि वस्तुलाई अविच्छिन गर्ने वस्तु हो । सुनियोजित एवं सुव्यवस्थित वस्तु एक सूत्रमा ग्रथित मानिन्छ । रक्षाबन्धनको सही अर्थ आफू आत्म स्थितिमा अचल, अडोल भएर पवित्रताको पालन गर्नु हो किनकि पवित्रताद्वारा नै मृत्युमाथि विजय प्राप्त गर्न सकिन्छ ।

# बन्दाबन्दी हुने भएपछि विराटनगर बजारमा देखिएको भिड

विराटनगर । कोरोना (कोभिड १९) को संक्रमण बढदै गई रहेको निष्कर्ष निकाल्दै विराटनग महानगर पालिकाले आजै राती १२ बजे देखि लागु हुने गरी दुई साताको लागि घोषणा गरीएको बन्दाबन्दीको खबरसंग विराटनगर वजारमा अचानक भिड बढेको छ ।



बजारमा भिडभाड नहोस भनेर बन्दाबन्दी गरी रहेका वेलामा दुई साताको लागि घर सामग्रीको जोहो गर्नको लागि विराटनगरको भाटभटेनीमा अचानक भिडभाड बढेको थियो । त्यसैगरी गुद्री बजार, पंचमुखी हनुमान मनिदर चौक, जलजला मोड, शनी मन्दिर चौक लगायत स्थानमा व्यापक भिड देखिएको थियो ।

बन्दाबन्दीको घोषणाकै कारण अचानक बजारमा भिडभाड बढेर कोरोना संक्रमणको जोखिम झन बढेको छ यसको जिम्मेवारी कसले लिने ? महानगर पालिकाले कोरोना बढाउनकै लागि बन्दाबन्दीको घोषण अचानक किन गर्नु पऱ्यो ? बन्दाबन्दी नै एकमात्र उपाय हो ? भन्दै आम नागरिकले प्रश्न सोझ्याएका छन् ।

बन्दाबन्दी विराटनगर महानगर पालिकाले केही दिन पहिले पनि घोषणा गरेकै हो तर कसैले पनि टेरेन, भोली देखि हुने बन्दावन्दीलाई आमजनताले मान्छ कि मान्दैन यदि मान्दैन भने महानगर पालिकाले कस्तो कारवाही गर्ने ?

त्यस्तो केही कुरा नखुलाई कन हौवाको भरमा गरिएको बन्दाबन्दीले कतिको हद सम्म लागु हुन्छ त्यो आउने समयले नै वताउने छ ।

विराटनगर महानगर पालिका भित्र स्थानीय स्तरमै कोरोना संक्रमण देखिएको भन्दै केही दिन अगाडी देखि खुलिएको विराटनगर क्षेत्र पुन: शनिवार देखि लागु हुनेगरी दुई साताको लागि बन्दावन्दी गरिएको छ ।

(कोभिड १९) को संक्रमण देखिएको निष्कर्षसहित महानगर पालिकाले लकडाउन गर्ने निर्णय गरेको छ ।

नगरस्तरीय कोभिड १९ क्राइसिस म्यानेजमेन्ट सेन्टरको शुक्रबारको बैठकले कोरोना संक्रमण नियन्त्रण र रोकथामका लागि लकडाउन गर्नुको विकल्प नभएको निष्कर्षका साथ विराटनगर महानगरपालिका भित्र बन्दाबन्दी गर्न लागेको मेयर भीम पराजुरीको भनाई छ । विराटनगर महानगर पालिका भित्र शुक्रवार राती देखि शुरु हुने छ ।

‘महानगरभित्र एक सय जना भन्दा बढी संक्रमित फेला परिसकेका छन् । समुदायमा संक्रमणको दर बढ्दो छ,’ मेयर पराजुलीले भने, ‘त्यसैले अत्यावश्यक बाहेक अन्य कामका लागि बाहिर निस्कन बन्देज लगाउने निर्णय गरेका छौं ।’

यसअघि आइतबार बसेको क्राइसिस म्यानेजमेन्ट सेन्टरको बैठकले लकडाउन खुलेसँगै खुला भएका साप्ताहिक हाटबजार पनि बन्द गर्ने, कोरोना जाँचको दायर पनि बढाउने निर्णय गरेको थियो ।

# तीन जिल्लामा ९१ दशमलव ५ प्रतिशत धान रोपाई

विराटनगर । प्रदेश नं. १ को तीन जिल्ला मोरंग, झापा र सुनसरीमा ९१ द्यशमलव ५५ प्रतिशत धान रोपाई सम्पन्न भएको छ ।

प्रदेश-१ मा साउन ११ सम्म ८८.९३ प्रतिशत रोपाइँ भएकोमा झापा, मोरङ, सुनसरीमा सबभन्दा बढी ९१.५५ प्रतिशत रोपाइँ भएको प्रदेश-१ को भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले जनाएको छ ।

मोरङको धान लगाइने गरेको ८३ हजार ३ सय हेक्टर क्षेत्रफलमध्ये ७४ हजार ९ सय ७० क्षेत्रफलमा रोपाइँ भएको तथा सुनसरीको ५५ हजारमध्ये ४९ हजार ५ सय क्षेत्रफलमा रोपाइँ भइसकेको मन्त्रालयले जनाएको छ ।

त्यसैगरी झापाको ८७ हजार ५ सय हेक्टर क्षेत्रफलमा धान लगाइने गरेकामा हालसम्म ८२ हजार २ सय ५० हेक्टर क्षेत्रफलमा रोपाइँ भइसकेको छ । प्रतिशतमा हेर्दा यो कुल भूभागको ९४ प्रतिशत रहेको छ ।

दुई जिल्लाको रोपाइँ प्रतिशतमा ९० प्रतिशत हो । यसैगरी इलाम, पाँचथर, भोजपुर, तेह्रथुम, धनकुटा, ओखलढुंगा, उदयपुर र खोटाङसहितका मध्यपहाडका ८ जिल्लाहरुमा ८२ दशमलव ८२ प्रतिशत रोपाइँ भएको छ ।

त्यसैगरी उच्च पहाडी तीन जिल्लाहरु ताप्लेजुङ, संखुवासभा र सोलुखुम्बुमा हालसम्म ८७.४५ प्रतिशत रोपाइँ भएको मन्त्रालयको पछिल्लो तथ्यांकमा उल्लेख छ । प्रदेश-१ को ३ लाख ४० हजार ८ सय २९ हेक्टर क्षेत्रफलमा धान खेती हुने गरेको छ ।

धानखेती हुने उक्त क्षेत्रफलमध्ये हालसम्म ३ लाख ३ हजार ९८ दशमलव ६२ हेक्टर क्षेत्रफलमा रोपाइँ भइसकेको छ ।

# घुस रकम सहित प्रशासकिय अधिकृत पक्राउ

घोराही । स्थानीय निकायका एक प्रमुख प्रशासकिय अधिकृत करीब साढे चौध लाख रकम सहित अख्तियारको फन्दामा परेको छ ।

दाङको तुलसीपुर उपमहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णकान्त उपाध्यायलाई नगद रकम सहित अख्तियारले पक्राउ गरेका हुन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालबाट खटिएको टोलीले उपाध्यायलाई १ लाख २४ हजार ७५० रुपैयाँ नगद र फिक्स डिपोजिट तथा बैंक डिपोजिटसहित १३ लाख २४ हजार ४६ गरी कूल १४ लाख ४८ हजार ७ सय ९६ रुपैयाँ बराबरको रकमसहित पक्राउ गरेको हो ।

उपाध्याय स्रोत नखुलेको अस्वाभाविक रकम साथमा लिएर हिँडेको भन्ने सूचनाको आधारमा अख्तियारको टोलीले काठमाडौंको नागढुंगाबाट नियन्त्रणमा लिएको हो । उनीमाथि अनुसन्धान भइरहेको अख्तियारले जनाएको छ ।

# अज्ञात समूहद्वारा श्रीमतिको हत्या श्रीमान घाईते

महेन्दनगर । एक महिलाको अज्ञात समूहले धारिलो हतियार प्रहारगरी हत्या भएको छ भने ती महिलाको श्रीमान आक्रमणवाट घाईते भएको छ ।

प्रहरीले दिएको घटनाको विवरण अनुसार कञ्चनपुरको बेलौरी नगरपालिका-७ भगतपुरमा गएराति अज्ञात समूहले ५५ वर्षीय बेलु खातीको हत्या गरेको भएको । यस्तै उनका श्रीमान ६२ वर्षीय घनश्याम धारिलो हतियार प्रहारबाट गम्भीर घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक अमरबहादुर थापाका अनुसार गम्भीर घाइते भएका घनश्यामलाई उपचारका लागि धनगढी पठाइएको छ । सो घटना खाती परिवारको घरमै मध्यरातमा भएको थियो । हत्यामा संलग्नको पहिचान नभएको र घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

प्रहरीले घटनाको सोधपुछका लागि खातीका छोरा राजेश र स्थानीय दिनेश रानालाई नियन्त्रणमा लिएको छ ।

